# प्रेस विज्ञप्ति- ३६२

# Press Release- 362

लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौं
मिति: २०८१।०५।०२ गते।

## टाटा सुमो गाडीमा तेलको ट्याङ्की भित्र फल्स बटम बनाई लागु औषध ओसार पासर गर्ने २ जना मानिस पक्राउ।

लागु औषध (मनोद्विपक पदार्थ) को अवैध कारोवार भई रहेको विशेष सूचनाको आधारमा लागु औषध नियन्त्रण व्यूरोबाट खटिएको प्रहरी टोलीले निम्न स्थानबाट **लागु औषध(मनोद्विपक पदार्थ) नाइट्राभेट ट्याब्लेट १४,२८० तथा डाईजेपाम, बुप्रेनोर्फिन, फेनारगन १७८९ एम्पुल** सहित २ जना कारोवारीहरूलाई पक्राउ गरीएको छ।

- मिति २०८१।०४।३१ गते जिल्ला काठमाडौ का.म.न.पा वडा न. ६ बौद्ध नयाँ बस्तीबाट ऐ.ऐ. स्थान बस्ने बर्ष २९ को विजय परियारलाई नियन्त्रित **लागु औषध नाईट्राभेट ५२५० ट्याब्लेट** सहित पक्राउ गरिएको छ। निजले लामो समय देखि काठमाडौमा औषधीजन्य मनोद्विपक पदार्थको कारोबार गरि रहेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ।

- मिति २०८१।०५।०१ गते भारत विहार पुर्वी चम्पारण जिल्ला रक्सौल ठेगाना भएको बर्ष ३७ को बीरबल महतोलाई जिल्ला ललितपुर, ललितपुर.म.न.पा.२ बल्खुबाट पक्राउ गरिएको छ। निजले भारतीय नम्वर प्लेट BR06PA2090 को रातो रङको टाटा सुमो गाडिको ईन्धन राख्ने ट्याङ्कीमा फल्स बटम बनाई लुकाई छिपाउ गरी राखेको **लागु औषध (मनोद्विपक पदार्थ) नाईट्राजेपाम ९०३० ट्याब्लेट तथा डाईजेपाम ६००, बुप्रेनोर्फिन ५९८ र फेनारगन ५९१ एम्पुल** बरामद गरिएको छ। साथै निजले पटक पटक भारतको रक्सौल हुँदै काठमाण्डौमा लामो समय देखि औषधीजन्य मनोद्विपक पदार्थको अवैध कारोबार गर्ने गरेको समेत अनुसन्धानको क्रममा खुल्न आएको छ।

निजहरू उपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट लागु औषध मुद्दामा म्याद थप भई अनुसन्धान भईरहेको छ।

●●●

**सह-प्रवक्ता / सूचना अधिकारी**
(प्रेम बहादुर शाही)
प्रहरी नायव उपरीक्षक
सम्पर्क नम्वर : ९८५१२८१४५१

**लागु औषध**












